# बालअधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८०

कार्यपालिका स्वीकृत मिती : २०८०।०४।१७

प्रस्तावना:

बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र संवर्द्धनका लागि नेपालको संविधान तथा सङ्घीय कानूनमा भएका प्रावधानहरूको कार्यान्वयन सहित बालबालिकाको अधिकारको प्रचलन द्वारा बालबालिकालाई संरक्षण प्रदान गरी बालबालिकाको सर्वोत्तम हित र सर्वाङ्गीण विकास सुनिश्चित गर्न स्थानीय कार्यविधि जारी गरी कार्यान्वयनमा सहजीकरण गर्ने ढाँचा सहितको कार्यविधि उपलब्ध गराउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) अनुसार कमलामाई नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "बालअधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ र बागमती प्रदेशको "प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६" सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले बालअधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि २०८० सम्झनुपर्छ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले सङ्घीय, प्रदेश वा स्थानीय कानुनमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ । सो पदावलीले कार्यविधिको कार्यान्वयनको सिलसिलामा कमलामाई कार्यपालिकाले तोकेको वा तोकिएबमोजिम समेत जनाउँछ ।

(च) "परिवार" भन्नाले एकाघरका आमा, बाबु, हजुरबुबा, हजुरआमा, दाजु, भाइ, दिदी बहिनी सम्झनुपर्दछ । संरक्षक वा माथवरका संरक्षणमा रहने बालबालिकाको हकमा सो शब्दले संरक्षक वा माथवरलाई समेत जनाउँछ ।

(छ) "बालअधिकार समिति" भन्नाले ऐनको दफा ६० बमोजिम गठित बालअधिकार समिति सम्झनुपर्छ।

(ज) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिमको अधिकारी सम्झनुपर्छ ।

(झ) "बाल कोष" भन्नाले ऐनको दफा ६४ को उपदफा ४ अनुसार कार्यविधिको परिच्छेद ९ बमोजिमको स्थानीय बालकोष सम्झनुपर्छ ।

(ञ) "बालगृह" भन्नाले ऐनको दफा ५२ अनुसारको बालगृह सम्झनुपर्छ ।

(ट) "बालगृह मापदण्ड" भन्नाले ऐनको दफा ५२ बमोजिमको मापदण्ड सम्झनुपर्छ ।

(ठ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा गरिनसकेको व्यक्ति सम्झनुपर्छ।

(ड) "बालक्लव वा बालसंस्था" भन्नाले कार्यविधि बमोजिम नगरपालिकामा दर्ता भै स्थानीय क्षेत्रमा सञ्चालनमा रहेका वा सञ्चालन हुने बाल क्लब वा संस्था सम्झनुपर्छ । सो पदावलीले त्यस्ता क्लब वा संस्थाहरूको सञ्जाललाई समेत जनाउँछ।

(ढ) "मनोसामाजिक सेवा" भन्नाले बाल मनोवैज्ञानिक, विशेषज्ञ, मनोसामाजिक विमर्शकर्ताद्वारा गरिने आकलन, लेखाजोखा, विमर्श, प्रेषणा, निदान र उपचारसम्बन्धी सेवा सम्झनुपर्छ ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

(त) "वडाअध्यक्ष" भन्नाले नगरपालिका अन्तर्गतका वडाअध्यक्ष, वडा समितिको अध्यक्ष सम्झनुपर्छ। सो शब्दले वडाअध्यक्षको कार्यवाहक भई काम गर्न अख्तियार पाएको सदस्यलाई समेत जनाउँछ।

(थ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनुपर्छ।

(द) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम सूचीकृत समाजेवी वा मनोविज्ञ व्यक्तिलाई सम्झनुपर्छ । सो पदावलीले सम्बन्धित विषयमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत जनाउँछ ।

(ध) "सेवाप्रदायक" भन्नाले नगरपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका वा प्रवाह गर्ने दायित्व भएका सरकारी कायार्लय, स्वास्थ्य चौकी, विद्यालय स्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य सार्वजनिक निकायलाई सम्झनुपर्छ। सो पदावलीले सार्वजनिक सेवा प्रदान गर्ने निजी क्षेत्रबाट सञ्चालित बैङ्किङ वा सूचना-सञ्चारसम्बन्धी सेवाप्रदायलाई समेत जनाउँछ ।

(न) "नगरपालिका" भन्नाले कमलामाई नगरपालिकालाई सम्झनुपर्छ।

(न) "स्वास्थ्यकर्मी" भन्नाले अनुमतिप्राप्त निकायबाट चिकित्सक, स्वास्थ्य सहायक वा स्वास्थ्य सेवा दिन इजाजतप्राप्त स्वास्थ्यकर्मी सम्झनुपर्छ।

(प) "संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र बालगृह वा बालसुधारगृह सञ्चालन गर्ने सङ्घसंस्था सम्झनुपर्छ । सो शब्दले बालबालिका, बालअधिकार संरक्षण र संवर्द्धनका लागि कानूनबमोजिम सञ्चालित गैरसरकारी र सामुदायिक संस्थालाई समेत जनाउँछ ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

## परिच्छेद-२
## बाल अधिकार तथा संरक्षण सम्बन्धी आधारभूत सिद्धान्तहरू

३. बालअधिकार प्रचलनकारी आधारभूत सिद्धान्तः बालबालिकाका मूलभूत मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सुनिश्चयस्वरूप बालबालिकासँग सम्बन्धित कुनै पनि कार्य गर्दा बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा उल्लेख भएबमोजिम देहायका सिद्धान्तहरूलाई अवलम्बन गरिनेछः-

(क) मर्यादापूर्ण जीवनको सम्मानः बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतको प्रतिष्ठा मर्यादामा आघात नपर्ने गरी व्यवहार गर्ने र तिनको स्वतन्त्र पहिचानलाई तिनका बाबुआमा, संरक्षक वा माथवर व्यक्तिको व्यक्तित्वसँग अन्तरभूत विषयको रूपमा व्यवहार नगर्ने ;

(ख) सर्वाङ्गिण विकासको सुनिश्चितताः मानवव्यक्तिको रूपमा प्रत्येक बालबालिकामा रहेका प्रतिभा, क्षमता र सम्भाव्यताको पूर्ण प्रस्फुटन हुन पाउने अवसर उपलब्ध गराउँदै तिनको विकासको अधिकारलाई प्रचलनमा ल्याउन हरसम्भव प्रयास गर्ने;

(ग) सहभागिता र अभिमतको सम्मानः नागरिक जीवनको तयारीको रूपमा सामाजिक र सार्वजनिक जीवनमा तिनको सहभागितालाई यथासम्भव बढी स्थान दिने गरी अवसर सिर्जना गरिनेछ । बालबालिकाकै विषयमा गरिने कुनै पनि कार्यक्रम वा क्रियाकलापमा तिनलाई अधिकाधिक सहभागी गराइने र तिनलाई प्रभाव पर्ने विषयमा निर्णय लिनुपर्दा सो विषयमा सम्बन्धित बालबालिकालाई तिनको विचार वा अभिमत प्रकट गर्ने अवसर दिइनेछ र सोको सम्मान गर्ने

(घ) संरक्षणको सुनिश्चितताः प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहारबाट जोगाई संरक्षण सुनिश्चित गर्ने ।

४. बाल संरक्षणका आधारभूत सिद्धान्तः नगरपालिका क्षेत्रभित्र बालबालिकाको अधिकारको सम्मान र संरक्षण तथा परिपूर्ति गर्ने प्रयोजनमा बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा उल्लेख भए बमोजिम देहायका सिद्धान्तहरूलाई अवलम्बन गर्ने छः-

(क) मर्यादापूर्ण व्यवहार गर्नेः प्रत्येक बालबालिकाको व्यक्तिगत सम्मान, मर्यादा तथा व्यक्तिगत गोप्यता (प्राइभेसी) खण्डित हुन नदिई व्यवहार गर्ने;

(ख) निर्विभेदताः प्रत्येक बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जात–जाति, लिङ्ग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, फरक क्षमता वा अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र भेदभावरहित रूपमा तिनको उमेरसुहाउँदो बालमैत्री व्यवहार गर्ने;

(ग) बालबालिकाको सर्वोत्तम हितः बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिने;

(घ) व्यक्तिगत विवरणको गोपनीयता पालन गरिनेः बालबालिकाको नामसहित व्यक्तिगत पहिचानसम्बन्धी विवरणमा सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिवारका सदस्य वा संरक्षक र कानुनबमोजिम अख्तियारप्राप्त अधिकारीबाहेक अन्यको पहुँचको विषय हुनेछैन ।

तर व्यक्तिगत पहिचान नखुल्ने बालबालिकाको एकीकृत तथ्याङ्कको रूपमा बालबालिकासम्बन्धी विविधीकृत तथ्याङ्क सरोकारवालालाई नगरपालिकाबाट प्राप्त हुनेछ।

## परिच्छेद - ३
## बाल अधिकारको संरक्षण तथा प्रचलन

३. बाल अधिकारको संरक्षण गर्नुपर्नेः (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरूको संरक्षण र प्रचलन ऐनको दफा ६४ बमोजिम गर्ने गराउने छ ।

४. आवश्यक सेवाप्रवाह सुनिश्चित गर्नेः (१) बालअधिकारको संरक्षण तथा प्रचलनको प्रयोजनका लागि नगरपालिकाले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाका लागि निम्नानुसारको सेवा सुलभ र सुनिश्चित रूपले प्रवाह गर्नेछः

(क) गर्भवती महिलाको स्वास्थ्य र शिशुको स्वस्थ जन्मको लागि आमा तथा शिशु दुवैको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्यस्याहार तथा पोषणको बन्दोबस्त;

(ख) राष्ट्रिय खोपतालिका बमोजिमको खोप सेवा;

(ग) क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूद्वारा निःशुल्क परीक्षण तथा औषधि सुविधासहितको त्रैमासिक रूपमा विद्यालय स्वास्थ्य शिविर सञ्चालन;

(घ) नगरपालिका क्षेत्रभित्र बालबालिकालाई सामाजिक सेवा तथा मनोवैज्ञानिक सेवा दिने समाजसेवी र मनोविज्ञको सूचीकरण र उपलब्ध जनशक्तिको अद्यावधिक अभिलेख व्यवस्थापन तथा सेवा प्रवाह;

(ङ) हिंसा, परित्याग वा अन्य दुर्व्यवहारबाट पीडित बनेका बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहारको बन्दोबस्त;

(च) विपद् तथा प्रकोप (भूकम्प, बाढी, पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण) प्रभावित बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहार सहायता;

(छ) स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा;

(ज) नगरपालिका क्षेत्रभित्रका बालबालिकाको निर्बाध जन्मदर्ता;

(झ) विशिष्टीकृत सेवा उपलब्ध हुने निकाय वा सेवाप्रदायकसमक्ष प्रेषण तथा सिफारिस;

(ञ) आपदमा परेका, बेवारिस फेला परेका वा हराएका बालबालिकाको तत्काल खोज उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि हेल्पलाइन तथा खोजतलास सेवा; र

(ट) बालहित तथा बालमैत्री वातावरणमा सेवा पाउने सुनिश्चितताका लागि आवश्यक अन्य बन्दोबस्त ।

(२) नगरपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सार्वजनिक, सामाजिक वा निजी सेवाप्रदायक निकाय, संस्था, विद्यालयहरूमा बालमैत्री सेवाप्रवाह तथा बालबालिकाविरुद्धका कुनै पनि प्रकारका हिंसा वा दुर्व्यवहार रोकथाम तथा निवारणका लागी नगरपालिकाले बालअधिकार संरक्षण मापदण्ड निर्माण गरी लागू गराउनेछ।

(३) नगरपालिका क्षेत्रभित्रका बालबालिकाको संरक्षणका लागि नगरपालिकाले देहायका उपायहरू अवलम्बन गर्नेछः-

(क) विद्यालयमा राजनीतिक गतिविधि गर्न र बालबालिकालाई दलगत राजनीतिक क्रियाकलापमा सहभागी गराउने कार्यलाई निषेध गर्ने;

(ख) विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निष्कासन गर्ने परिपाटीको अन्त्यको प्रयास कायम राख्ने;

(ग) बालबालिकाको उपस्थिति रहने विद्यालय तथा अन्य सेवाप्रवाह स्थानमा तिनका लागि सफा खानेपानी, आरामकक्ष, शौचालय तथा किशोरीका लागि मासिक श्रावकवच (प्याड) सहितका प्राथमिक स्वास्थ्य उपचार सामग्रीको बन्दोबस्त गर्ने;

(घ) विद्यालय र समुदायमा बालबालिकाविरुद्ध हुन सक्ने सबै प्रकारका हानिको रोकथाम तथा तथा भयरहित शिक्षण तथा सामुदायिक सिकाइका लागि बालक्लब मार्फत बालबालिकाका रचनात्मक क्रियाकलापलाई प्रोत्साहित गर्ने;

(ङ) बालबालिकाविरुद्ध हुन सक्ने हिंसा, दुर्यवहार तथा शोषणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली क्रियाशील बनाउने र प्रेषण प्रणालीलाई प्रभावकारी पार्ने;

(च) नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, वडाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बालअधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासनसम्बन्धी प्रशिक्षित गर्ने;

(छ) बाल संरक्षण तथा प्रेषण प्रणालीलाई वडा तथा नगरपालिकाको योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी नियमित चालु राख्ने;

(ज) प्रत्येक वडामा बाल उद्यान र खेलमैदान, पुस्तकालय तथा वाचनालयहरूको व्यवस्था तथा सञ्चालन गर्ने;

(झ) नगरपालिका क्षेत्रभित्रका ४-५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्र र ६ देखि १३ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने बन्दोबस्त; र

(ञ) बालविवाह तथा बालश्रमको प्रयोगजस्ता कानुनद्वारा निषेध गरिएका क्रियाकलापको निगरानी तथा कानुनी कारबाहीका लागि प्रेषण प्रणाली ।

(ट) नगरपालिका क्षेत्रभित्र कसैले ऐनको परिच्छेद २ अनुसारका बालअधिकारको उल्लङ्घन गरेमा वा परिच्छेद ३ अनुसार दायित्व पूरा नगरेमा ऐनको दफा ६४ बमोजिम पीडित बालबालिकाको तर्फबाट निवेदन परेमा न्यायिक समितिले आवश्यक कारबाही गरी बालअधिकार प्रचलन गराउनेछ।

५. क्षेत्रभित्रका बालबालिकासम्बन्धी अद्यवधिक तथ्याङ्कीय विवरण राख्नेः (१) नगरपालिकाले आफ्ना क्षेत्रभित्रका १८ वर्षको उमेर पूरा नभएका सबै बालबालिकाको खण्डीय एकीकृत (युनिफाइड डिसइन्टिग्रेटेड) तथ्याङ्कीय विवरण अद्यावधिक हालतमा राख्नेछ ।

(२) नगरपालिकाले यस्तो तथ्याङ्कीय अद्यावधिक विवरण वडागत रूपमा राख्न वडा समिति, वडाअध्यक्ष र वडा कार्यालयहरूलाई निर्दिष्ट गर्न सक्नेछ ।

(३) बालबालिकाको खण्डीय एकीकृत (युनिफाइड डिसइन्टिग्रेटेड) तथ्याङ्कीय विवरण अनुसूची १ बमोजिमको ढाँचमा राखिनेछ।

६. बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः (१) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरू वा सेवाप्रदायकका संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चत गर्न नगरपालिकाले मन्त्रालयले जारी गरेको मापदण्डबमोजिम बालमैत्री अवस्थाको भौतिक प्राविधिक तथा मानवीय सहजताको लेखाजोखा गर्नेछ।

(२) लेखाजोखा प्रतिवेदनको आधारमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायक संस्थाको भौतिक संरचनालाई बालमैत्री हुने गरी निर्माण गर्न वा मर्मतसुधार गर्न लगाउने छ ।

(३) बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायकलाई सेवाप्रवाह बालमैत्री बनाउन नगरपालिकाले निर्देशन दिन, क्षमता विकास तथा सुधारका कार्यका लागि सहायता प्रदान गर्न वा आवश्यक सहजीकरण गर्न सक्नेछ।

## परिच्छेद – ४

## बालबालिकाको विशेष संरक्षण तथा पुनःस्थापना

७. वैकल्पिक हेरचाहको प्रबन्धः (१) नगरपालिकाले आफ्नो क्षेत्रमा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि ऐनको दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्नेछ ।

(२) ऐनको दफा ४८ (१) को खण्ड (क) देखि (ङ) सम्म उल्लेख भएका कुनै पनि बालबालिका नगरपालिकाको इलाकामा असंरक्षित वा बेवारिस अवस्थामा रहेको सूचना प्राप्त हुनासाथ बालकल्याण अधिकारीले वैकल्पिक हेरचारको प्रबन्ध यथाशीघ्र मिलाउनुपर्नेछ ।

(३) वैकल्पिक हेरचाहको प्रबन्धको प्राथमिक विचार गर्दा बालकल्याण अधिकारीले सर्वप्रथम हेरचाह आवश्यक भएको बाबु वा आमातर्फका नातेदारहरूमध्ये सबैभन्दा नजिकको नातामा पर्नेको प्राथमिकताक्रमलाई प्रश्रय दिनुपर्नेछ र मुलुकी देवानी संहिता २०७४ को भाग ३ पारिवारिक कानुनसम्बन्धी परिच्छेद ६ को संरक्षक र परिच्छेद ७ को माथवरसम्बन्धी व्यवस्थाले निर्देश गरेअनुसारका बालबालिकाका अधिकार संरक्षित हुने गरी हेरचाहको प्रबन्ध मिलाउनुपर्नेछ ।

(४) नजिकको नातेदारमार्फत वैकल्पिक हेरचाह सम्भव नभएमा त्यस्तो बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिको संरक्षकत्वमा रहने गरी हेरचाहको प्रबन्ध मिलाउनुपर्नेछ।

(५) ऐनको दफा ४८ (१) को खण्ड (च) र (छ) अनुसारका बालबालिकाका लागि वैकल्पिक हेरचाहका लागि यथासम्भव परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई प्राथमिकता दिनुपर्नेछ।

(६) पारिवारिक हेरचाह गर्ने संस्था नभएमा बालगृहमा त्यस्ता बालबालिकाको वैकल्पिक हेरचाह गराउने प्रबन्ध मिलाउनुपर्नेछ ।

(७) नगरपालिका क्षेत्रमा कसैले अनाथ, बेवारिस वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएको बालबालिका फेला पारेमा वा रहेभएको जानकारी भएमा अनुसूची २ बमोजिमको ढाँचाको विवरणसहित बालकल्याण अधिकारी वा स्थानीय प्रहरी कार्यालयलाई सूचना उपलब्ध गराइदिनुपर्छ ।

८. बालगृहको स्थापना तथा सञ्चालनः (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बालगृह स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्र परोपकारको उद्देश्यले कानुनबमोजिम कुनै संस्थाले अनाथ बालआश्रम/अनाथालय वा बालगृह सञ्चालनमा ल्याएको वा सञ्चालन गरेमा बालकल्याण अधिकारीले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ । यसरी संरक्षणार्थ पठाइएको बालबालिकालाई त्यस्तो बालआश्रम/अनाथालय वा बालगृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनुपर्नेछ ।

(३) अनाथ बालआश्रम/अनाथालय तथा बालगृहको भौतिक पूर्वाधार, बन्दोबस्ती जनशक्ति तथा सञ्चालन बालगृह मापदण्डबमोजिम हुनेछ ।

## परिच्छेद - ५
## बाल सहभागिता तथा बाल क्लब सञ्चालन

९. बाल सहभागिताको अभ्यासः (१) नगरपालिकाले बालबालिकालाई आफूलाई असर पार्ने विषयमा आफ्नो धारणा बनाउन र व्यक्त गर्ने सक्षम बनाउने प्रयोजनका लागि परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाबाट गरिने बालबालिकासम्बन्धी निर्णय प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई अनिवार्य गर्नेछ।

(२) बाल सहभागिता प्रवर्द्धनका लागि नगरपालिकाबाट देहायका उपायहरू अवलम्बन गरिनेछन्:

(क) बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकासँग सहभागितात्मक छलफल गर्ने तथा वार्षिक बजेट निर्माणको समयमा वडास्तरीय तथा नगरपालिका तहमा अनिवार्य बालभेला संचालन गरिने छ।

(ख) बाल सुरक्षा, शिक्षा र खेलकुदलगायत तिनको प्रतिभा विकासका ठोस कार्यक्रम तर्जुमा गरी लागू गर्ने र त्यसमा बालबालिकालाई स्वैछिक रूपमा व्यवस्थापकीय भूमिका खेल्ने अवसर दिने;

(ग) बालबालिकाको क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटनका लागि उनीहरूकै पहलमा बालहितकारी सूचना सामग्री, भित्तेपत्रिका प्रकाशन र रेडियो कार्यक्रम सञ्चालन गर्नमा आवश्यक स्रोतसाधन उपलब्ध गराउने;

(घ) बालबालिकाको पहलमा बाल संस्था तथा बाल क्लब दर्ताको लागि निवेदन पर्न आएमा बाल क्लव, बाल संस्था वा बाल क्लब सञ्जाल दर्ता गरी प्रमाणपत्र निःशुल्क उपलब्ध गराउने र सञ्चालनका लागि सहजीकरण गर्ने;

(ङ) बाल क्लब तथा बाल क्लब सञ्जालको नवीकरण गरिदिने ; र

(च) बाल सहभागिता र बालबालिकाको धारणा व्यक्त गर्ने र सुनुवाइ हुने वातावरण सिर्जना गर्ने कार्यक्रम तय गर्ने र सञ्चालन गर्ने ।

१०. बाल क्लव वा संस्था दर्ता तथा नवीकरणः (१) बालक्लव वा संस्था सञ्चालन गर्न चाहने बालबालिकाले दर्ताका नगरपालिकामा देहायका विवरणसहित अनुसूची ३ बमोजिम निवेदन दिनुपर्नेछः

(क) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा टोल विकास संस्था वा समिति, अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिस पत्र,

(ख) बालक्लब वा संस्थाको उद्देश्य तथा सोमार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(ग) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि तथा सञ्चालन विधिसमेत खुलेको बिवरण, र

(घ) तदर्थ कार्यसमितिका पदाधिकारीको नामावली ।

(२) उपदफा (१) बमोजिम निवेदन आएमा नगरपालिकाले वडास्तरीय बालक्लब वा संस्था दर्ता गरी दर्ता अनुसूची ४ बमोजिमको प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक वर्ष नगरपालिकामा देहायको विवरण खुलाई नवीकरणको लागि अनुसूची ५ बमोजिम निवेदन दिन सक्नेछन्:

(क) वर्षभर आफूले गरेको मुख्य काम वा क्रियाकलापको सङक्षिप्त विवरण,

(ख) सदस्यहरू तथा कार्य समितिमा रहेका पदहरूको विवरण ।

(४) उपदफा (३) बमोजिम निवेदन आएमा नगरपालिकाले बालक्लब वा संस्थाको नवीकरण गरिदिनेछ ।

(५) नगरपालिकामा दर्ता/आबद्ध भएका बाल क्लब वा संस्थाको अभिलेख अनुसूची ६ बमोजिम र नवीकरण अभिलेख अनुसूची ७ बमोजिम राखिनेछ र दर्ता/आबद्धता वा नवीकरण गरेबापत कुनै शुल्क लिइने छैन ।

(६) प्रत्येक बाल क्लव तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरूको संक्षिप्त जानकारी अगामि वर्षको भाद्र महिनाको मसान्तसम्म स्थानीय बालअधिकार समितिमा पठाउनुपर्नेछ।

(७) बाल क्लब वा संस्थाले विवरण नबुझाएमा वा नवीकरण नगराएमा दर्ता भएको वा पछिल्लो नवीकरण गराएको मितिले दुई वर्षको अवधि नाघेपछि सो बाल क्लब वा संस्था स्वतः निष्क्रिय भई स्वविघटित भएको मानिनेछ र दर्ता अभिलेखबाट अपलेखन गरिनेछ।

११. बाल क्लब वा संस्थाको वर्गीकरणः (१) नगरपालिकामा दर्ता हुने बाल क्लब वा संस्थाको वर्गीकरण देहाय बमोजिमको हुनेछः

(क) समुदायमा आधारित बाल क्लबः

(१) नगरपालिकाको निश्चित भूगोल भित्रको टोल, वस्ती, वडाभित्र विद्यालय जाने र नजाने दुबै किसिमका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर समुदायमा आधारित बाल क्लब गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका बाल क्लबले नगरपालिकामा समुदायमा आधारित बाल क्लबको नाममा दर्ता गर्न सक्नेछन्।

(३) उपदफा (१) बमोजिमका बाल क्लबले सम्बन्धित भूगोल भित्रको सबै उमेर, लिंग, जाति, आर्थिक हैसियत कमजोर भएका तथा अपाङगता भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ

(४) समुदायमा आधारित बाल क्लबमा सदस्य बन्नका लागि उक्त क्षेत्रभित्र सामान्यतः ६ महिना वा सो भन्दा बढी स्थायी वा अस्थायी बसोबास भएको हुनु पर्नेछ ।

(ख) विद्यालयमा आधारित बाल क्लबः

(१) कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न विद्यालयमा आधारित बाल क्लब गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका बाल क्लबले नगरपालिकामा विद्यालयमा आधारित बाल क्लबको नाममा दर्ता हुन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको बाल क्लबले सम्बन्धित विद्यालयमा अध्ययनरत सबै जातजाति, कक्षा, लिंग, आर्थिक तथा शारीरिक अवस्था कमजोर बालबालिका तथा अपाङगता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

(३) विद्यालयमा आधारित बाल क्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि एकजना संरक्षक शिक्षक विद्यालय प्रशासनले तोक्न सक्नेछ ।

(ग) विषयगत बाल क्लबः

(१) समुदायमा लुकेर रहेको वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेको विशिष्ट विषयहरू जस्तै बालिकाको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवतर्न, बालश्रम जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल क्लब गठन गर्न सकिनेछ ।

(२) विषयगत बाल क्लब विद्यालय तथा समुदायमा आधारित बाल क्लबको उपसमूहको रूपमा समेत गठन गर्न सकिनेछ ।

(घ) विशिष्टीकृत बाल क्लबः

(१) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू,विशिष्टीकृत निकायले विशेष प्रकृतिको आफ्नो संस्थागतबाल क्लब गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बाल क्लबको गठन र व्यवस्थापन विधि स्वयं यसको महासघं, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन् ।

(ङ) बालगृह वा बाल सुधार गृहमा आधारित बाल क्लबः

(१) बालगृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको अधिकार संरक्षण तथा सम्बर्धनका लागि बालगृह वा बाल सुधार गृहमा आधारित बाल क्लब गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको बाल क्लबले सम्बन्धित बालगृह वा सुधार गृहमा रहेका सबै जातजाति, कक्षा, लिंग, आर्थिक तथा शारीरिक अवस्था कमजोर बालबालिका तथा अपाङगता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

(३) बालगृह वा सुधारगृहमा आधारित बाल क्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि गृह प्रमुखले एकजना संरक्षक शिक्षक वा सहजकर्ता तोक्न सक्नेछ ।

१२. बाल क्लब सञ्जाल दर्ता तथा नवीकरणः (१) नगरपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरूले नगरपालिका स्तरीय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरणसहित नगरपालिकामा निवेदन दिनुपर्नेछः

(क) बालक्लब वा संस्थाहरूको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बालक्लब वा संस्थाहरूले सञ्जालको रूपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

(ग) बालक्लब वा संस्थाहरूको सञ्जालको उद्देश्य र मुख्य क्रियाकलाप,

(घ) बालक्लब वा संस्थाको सञ्जालमा प्रत्येक बालक्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि, र

(ङ) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण ।

(२) नगरपालिकामा दर्ता भएका बालक्लब वा संस्थाहरूले उपदफा (१) बमोजिम बाल सञ्जाल स्थापना गर्न निवेदन दिएमा नगरपालिकाले सञ्जालको दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) नगरपालिकामा दर्ता भएका बाल सञ्जालले आफूले गरेको कामको सङ्क्षिप्त विवरण, सदस्यहरूको विवरण समेत खुलाई प्रत्येक दुई वर्षमा नगरपालिकामा नवीकरणको लागि निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन आएमा नगरपालिकाले बाल सञ्जालको नवीकरण गरिदिनेछ।

(५) नगरपालिकाले बाल सञ्जाललाई व्यवस्थित गर्न स्थानीय बालअधिकार समितिको सिफारिसमा वडास्तर र नगरपालिका स्तरमा बाल सञ्जाल गठन गरी कार्य गर्न दिन सक्नेछ ।

(६) बाल सञ्जाल दर्ता र नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

(७) बाल सञ्जालले ५ वर्षसम्म नवीकरण नगराएमा स्वतः निष्क्रिय भई स्वविघटित भएको मानिनेछ र दर्ता अभिलेखबाट अपलेखन गरिनेछ।

१३. बाल क्लब, संस्था वा सञ्जालको काम, कर्तव्य र अधिकार (१) बाल क्लबको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि,योगध्यान, खेलकुद आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक, र परिवारका अन्य सदस्यहरूलाई बाल अधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिबृद्धि गर्दै बालबालिकामा अन्तरनिहीत प्रतिभाको प्रस्फुटन गर्ने गराउने ।

(घ) बालबालिकालाइ जीवनपयोगी सीपको बारेमा जानकार गराउने,

(ङ) बाल क्लबलाइ बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रूपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बाल क्लबलाइ परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न नगरपालिकामा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने,

नगर कार्यपालिकाको कार्यालय
त्रिपुरसुन्दरी, सिन्धुली
बागमती प्रदेश, नेपाल

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउन र सामाजिक कुरीति तथा बालअधिकार उल्लंघनको घटनाहरूको बिरूद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालय र शिक्षा शाखासँग  समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,

(ट) नगरपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामुलक कार्यमा सकृय सहभागिता जनाउने,

(ठ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा नगरपालिका तथा वडालाई निरन्तर सहयोग गर्ने, र

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने ।

(२) बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क ) आफ्नो क्षेत्रभित्रका बालक्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

ख ) आबद्ध बालक्लबहरूको गतिबिधि सञ्चालन गर्न सञ्जाललाई वडा, नगरपालिका तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने,

ग ) बिदा र फुर्सदको समय मिलाई बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा अतिथिको रूपमा उपस्थित भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने,

घ ) बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरू बालक्लबहरूमार्फत् प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन गरी सञ्जालका पदाधिकारीहरूका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने,

ङ) नगरपालिकाले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरूमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरूको तर्फबाट आएको योजना तथा सुझावहरू समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

च ) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरवी गर्ने साथै यस्ता किसिमका घटनाका विरूद्ध सम्बन्धित सरोकारवाला पक्षहरूको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने,

छ ) बालक्लबहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने,

ज ) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री बातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरूमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

झ ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत् अन्य संघसस्था तथा सरोकारवालाहरूबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने,

ञ ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा नगरपालिका र नगर बालअधिकार समितिमा पेस गर्ने, र

ट ) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सिर्जना गर्ने ।

(३) उपदफा (१) र (२) मा लेखिएको कुनै कुराले बाल क्लब, बाल संस्था तथा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरूमा सहभागी हुन वा गर्न गराउन पाउने छैनन्:

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुर्‍याउन,

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भङ्ग हुने र पहिचान खुल्ने गतिविधिहरू गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन तर प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्वअनुमति बेगर जिउज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेल्न खेलाउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार वा व्यवसाय गर्न,

(ज) सिंगो परियाजेना सञ्चालन गर्न वा ठुला र लामो समयका गतिविधिहरू सञ्चालन गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई कार्य गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्य गर्न गराउन, र

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्साई स्थानीय बालअधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा नगरपालिका वा विद्यालयले रोक लगाएका कार्य गर्न गराउन।

१४. बाल क्लब, संस्था वा सञ्जालका थप सर्त तथा जिम्मेवारीः (१) बाल क्लब, बाल संस्था वा बाल सञ्जालमा सात वर्षमाथिका सबै उमेरसमूह, लिङ्ग, जातजाति, फरक क्षमता भएका बालबालिकालगायत स्थानीय समाज वा समुदायको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी हुनुपर्नेछ ।

तर बालिकाहरू वा दफा ११ बमोजिम वर्गीकृत सदस्य मात्र रहन सक्ने गरी बालक्लब वा संस्था सञ्चालन गर्न बाधा पर्ने छैन ।

(२) बालक्लब, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रियाबमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ ।

(३) बालक्लब, संस्था वा सञ्जालको नेतृत्व वा यसका क्रियाकलापमा बढीभन्दा बढी बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नुपर्नेछ ।

(४) बालक्लब, संस्था वा सञ्जालका पदाधिकारीहरुले दुई कार्यकाल भन्दा बढी पदमा निरन्तर नबसी क्रमशः अर्का बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

(५) बालक्लब, संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न हुँदैन ।

(६) बालक्लब, संस्था वा सञ्जालले आफ्ना क्लब, संस्था वा सञ्जालका सदस्यहरुको हित हुने र दीर्घकाल सम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

(७) बालक्लब, संस्था वा सञ्जालले राजनीतिक दलका दलीय कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नु हुँदैन। तर, राजनीतिक विचारधारा र दृष्टिकोणका विषयमा बौद्धिक अन्तर्क्रिया, वक्तृत्वकलात्मक बहस र छलफलजस्ता कार्यक्रम आयोजना वा सञ्चालन गर्न वा सोमा सहभागी हुन यस नियमले कुनै बाधा पर्ने छैन ।

(८) बालक्लब वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक कारोबार बालक्लब वा संस्था र बाल सञ्जाल सञ्चालन गर्न सिफारिस गर्ने सम्बन्धित टोलविकास संस्था, विद्यालय, बालगृह, सामुदायिक संस्थाले व्यवस्थित गरिदिनुपर्नेछ । बालक्लब वा संस्था र बाल सञ्जाल आफैले कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बाल क्लब वा संस्था र बाल सञ्जाललाई आर्थिक भार पर्ने कुनै पनि दायित्व दिन वा कार्य गराउन हुँदैन ।

(९) बालक्लब वा संस्था र बाल सञ्जालसँग सहकार्यमा कुनै कार्यक्रम सञ्चालन गर्दा गराउँदा सहकार्य गर्ने सम्बन्धित संस्थाले आर्थिक दायित्व बेहोर्ने गरी सञ्चालन गर्नु गराउनुपर्नेछ ।

(१०) बालक्लब वा संस्था र बाल सञ्जालको आर्थिक पक्षको जिम्मेवारी पाएको संस्थाले सोसँग सम्बन्धित आर्थिक कारोबारको नेपाल कानून बमोजिम संस्थाले राख्ने लेखाप्रणाली बमोजिम अलग्गै लेखा तथा अभिलेख राख्नुपर्नेछ ।

१५. बाल क्लब तथा बाल सञ्जालको स्थानीय स्तरको भेलाः (१) सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लब वा संस्था र बाल सञ्जालको वडा, नगरपालिका स्तरको भेला आयोजना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमति लिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनुपर्दछ ।

(३) उपदफा (१) बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ । तर बालिकाको हकमा महिलाको साथ लगाइ पठाउनुपर्नेछ ।

## परिच्छेद – ६

## स्थानीय बालअधिकार समिति सम्बन्धी व्यवस्था

१६. स्थानीय बालअधिकार समितिको गठनः (१) नगरपालिकामा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने स्थानीय बालअधिकार समिति गठन हुनेछः-

(क) नगरपालिका उप - प्रमुख तोकेको कार्यपालिका सदस्य –अध्यक्ष

(ख) नगरपालिकाले तोकेका महिलासहित कम्तीमा २ जना वडा सदस्य -सदस्य

(ग) क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट १ जना -सदस्य

(घ) सूचीकृत समाजसेवी र बाल मनोविज्ञमध्ये बाट नगरपालिकाले तोकेका महिलासहित कम्तीमा २ जना -सदस्य

(ङ) नगरपालिका क्षेत्रभित्रका चिकित्सक र मनोचिकित्सकहरू मध्येबाट १ जना -सदस्य

(च) नगरपालिका कार्यपालिकाका बालबालिका/शिक्षा/स्वास्थ्य शाखा प्रमुख ३ जना-सदस्य

(छ) नगरपालिका बाल सञ्जालले तोकेका बालिकासहित २ जना बालप्रतिनिधि – सदस्य

(ङ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी –सदस्य

(च) बाल अधिकार, संरक्षण, बालमैत्री स्थानीय शासन अभियानकर्मी बालन्यायको कार्यानुभवी व्यक्ति वा संस्था मध्येबाट नगरपालिकाले मनोनयन गरेका १ जना -सदस्य

(छ) बाल कल्याण अधिकारी – सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

१७. बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः (१) नगरपालिका बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

(ग) नगरपालिकाद्वारा सञ्चालित बालबालिकासम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) नगरपालिकाभित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) आफ्नो नगरपालिका भित्रका वडा, विद्यालय (सामुदायिक, संस्थागत), संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासनको अवलम्बनका साथै बालमैत्री वडा तथा नगरपालिका घोषणाको सिंगो नेतृत्व लिने,

(छ) बालअधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) नगरपालिकामा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन स्थानीय कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा नगरपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(झ) बालबालिकासम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ट) नगरपालिका मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बालअधिकारप्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम्

अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बालअधिकारप्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) नगरपालिकामा बालबालिका खोजतलास केन्द्र तथा बाल हेल्पलाइन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचीकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदनसहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) नगरपालिकाभित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) नगरपालिका योजना तर्जुमाका लागी वार्षिक एकपटक बालभेला कार्यक्रम व्यवस्थापन गर्ने

(ध) नगरपालिकाभित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रूपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरु पालन गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकताअनुसार वडास्तरीय बालअधिकार समिति वा बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. स्थानीय बालअधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः स्थानीय बालअधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छः–

(१) समितिको बैठक कम्तीमा वर्षको ६ पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य–सचिवले बोलाउनेछ ।

(३) सदस्य–सचिवले समितिको बैठक बस्ने सूचनासहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्बहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१९. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक सेवाकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

२०. वडास्तरीय बालअधिकार समितिः

२०.१ वडास्तरीय बालअधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष –अध्यक्ष

(ख) वडा सदस्यहरु सवै –सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापक/शिक्षक १ जना -सदस्य

(घ) वडास्तरीय बाल सञ्जाल प्रतिनिधि –सदस्य

(ङ) वडा प्रहरी प्रमुख, नेपाल प्रहरी –सदस्य

(च) समाजसेवी, बालमनोविज्ञ,बालमैत्री स्थानीय शासन अभियानकर्मी बालअधिकार/बालन्यायका कार्यानुभवी व्यक्तिमध्येबाट अध्यक्षले मनोनयन गरेका बढीमा दुइ जना -सदस्य

(छ) वडामा कार्यरत महिला स्वास्थ्य स्वयम् सेवीका मध्ये वडा अध्यक्षले छानेको १ जना – सदस्य

(ज) वडामा रहेका विद्यालय व्यबस्थापन समितिको अध्यक्ष मध्येबाट वडा अध्यक्षले तोकेको १ जना – सदस्य

(झ) वडामा रहेका स्वास्थ्य चौकीको व्यवस्थपन समितिका सदस्य मध्ये वडा अध्यक्षले तोकेको १ जना - सदस्य

(ञ) वडामा रहेका स्वास्थ्य केन्द्रका प्रमुख मध्ये वडा अध्यक्षले तोकेको १ जना - सदस्य

(ट) वडा सचिव –सदस्य–सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित संदस्यको पदावधि चार वर्षको हुनेछ ।

(३) समितिले आवश्यकताअनुसार समितिको सदस्य नरहेका वडा सदस्य, वडास्थित विद्यालय व्यवस्थापन समिति वा संघसंस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

२०.२ समुदाय स्तरमा बाल अधिकार समिति

बालमैत्री स्थानीय शासनलाई समुदाय स्तरमा संचालन गर्नको लागि देहाय बमाजिमको समुदाय स्तरमा बाल अधिकार समिति गठन गरिनेछ ।

क. वडा समितिले तोकेको वडा समितिको सदस्य – अध्यक्ष

ख . नगर पालिका/ वडा समितिमा सूचिकृत भएको टोल विकास समिति/ आमा समुहको अध्यक्षहरु – सदस्य

ग . स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरु – सदस्य

(३) सदस्य–सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकंको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक भत्ता तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ७
## बाल कल्याण अधिकारी

२३. बाल कल्याण अधिकारीको नियुक्तिः (१) नगरपालिकाले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम बाल कल्याण अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्त नभएसम्म नगरपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त वा उपदफा (२) अन्तर्गत तोकिएको बाल कल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

२४. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने।

(ख) नगरपालिका लाई बालमैत्री बनाउन वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका र बालमैत्री स्थानिय शासन पालिका समितिलाई आवश्यक सहयोग गर्ने ।

(ग) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका बाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका र स्थानीय बालअधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(घ) नगरपालिका भित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(ङ) नगरपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

कुमार पोखरेल

(च) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बालअधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(छ) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रूपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण नगरपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बालअधिकारपरिषद्मा उपलब्ध गराउने ।

(ज) बालबालिकाविरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(झ) ऐनको दफा ४९ बमोजिम नगरपालिकाभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(ञ) नगरपालिकामा भएका बालअधिकार उल्लङ्घनका घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षण र घटना व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।

(ट) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ठ) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेस गर्ने ।

(ड) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ढ) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बालअधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बालअधिकार समिति र राष्ट्रिय बालअधिकारपरिषदमा पेश गर्ने।

(ण) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(त) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद - ८

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवाप्रदायकसम्बन्धी व्यवस्था

२५. समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति (१) नगरपालिकाका क्षेत्रभित्र समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बालअधिकार समितिसमक्ष आफ्नो नाम सूचीकृत गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त स्थानीय बालअधिकार समितिले आवश्यक कागजात तथा विवरण खुलाई सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा विवरणसहित स्थानीय बालअधिकार समितिमा निवेदन दिनुपर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझबाट तोकिएको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवी वा बालमनोविज्ञका रूपमा सूचीकृत गरी स्थानीय बालअधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ ।

(५) सूचीकृत समाजसेवी र बालमनोविज्ञ मध्येबाट सम्बन्धित क्षेत्रमा काम गर्ने समाजसेवी र बालमनोविज्ञको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा अन्य निकायको हकमा सम्बन्धित निकायका लागि तोकिएको वा तोकिएबमोजिम र नगरपालिका अन्तगर्गतको कामको हकमा स्थानीय बालअधिकार समितिको सिफारिसमा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

२६. सेवा प्रदायकको नक्साङ्कन तथा सूचीकरणः (१) नगरपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनमा काम गर्ने संस्थाहरूलाई नगरपालिकाले सूचीकृत गनुपर्नेछ ।

(२) उपदफा (१) सूचीकृत हुन संस्थाहरूले स्थानीय बालअधिकार समितिमा आवश्यक कागजात तथा विवरणसाथ निवेदन गर्नेछन् ।

(३) उप-दफा (२) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ स्थानीय बालअधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा नगर बालअधिकार समितिले सूचीकृत गरेको सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवाप्रवाहको अवसर प्रदान गर्नेछ।

## परिच्छेद- ९

## बाल कोष सञ्चालन तथा व्यवस्थापन

२७. बालकोषः (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसापीडित बालबालिकाको सहयोगार्थ नगरपालिका स्तरमा एक बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) नगरपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालअधिकार प्रचलन गराउने सिलसिलामा बालबालिकाविरूद्ध भएको उल्लङ्घनवापत साबालक व्यक्तिलाई गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य तोकिएका आम्दानीहरु

२८. कोष सञ्चालक समितिः (१) नगरपालिकामा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछः-

(क) अध्यक्ष, नगर बालअधिकार समिति, –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) लेखा प्रमुख - सदस्य

(घ) नगरपालिका बालअधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना– सदस्य

(ङ) बालकल्याण अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

२९. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(क) तत्कालीन समयमा नगरपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका गाउँ बालसंरक्षण समिति र वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने, गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनरुथापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ट) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने ।

३०. बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छः-

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य–सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य–सचिवले प्रमाणित गरी राखेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनरुथापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन् ।तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

३१. कोषको प्रयोग प्रयोजनः (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति, जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन

(२) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

३२. बालकोषको खर्चका सीमाः (१) बाल कोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिने छः

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम रू.१० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. २५ हजार सम्म

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रू. ५ हजार सम्म

(घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ।

(२) बाल कोषको रकम तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

३३. कोषको खाता सञ्चालनः (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट बैकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा वा नेपाल सरकारबाट वित्तीय कारोबार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

३४. कोषको लेखा र लेखा परीक्षणः (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-१०
## विविध

३५. स्रोतको व्यवस्थापनः नगरपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

३६. प्रोत्साहन पुरस्कारको व्यवस्थाः बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई नगरपालिका/ वडाले पुरस्कार दिन वा संघसंस्थालाई आर्थिक सहयोग प्रदान गर्न सक्नेछ ।

३७. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बालअधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन साथै कार्यविधिमा कुनै शसोधन गर्नु परेमा कार्यपालिका ले गर्न सक्ने छ ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

इन्द्रावती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची १

बालबालिकाको खण्डिय एकिकृत तथ्याङ्कीय विवरण ढाँचा

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| बालविकास शिक्षा चार वर्षे शिशु | प्रदायक संस्था | | | | | क्षमता |
| | सहभागी शिशु/असहभागी शिशु | | | | | अनुपात |
| | जनशक्ति सक्षमता / योग्यता | | | | | शैक्षिक योग्यता |
| | दिवा खाजा | | | | | क्यालोरी |
| | आवास र विद्यालय दूरी | | | | | मीटर |
| | बालशिक्षामा घरधुरी खर्च | | | | | रकम |
| आधारभूत शिक्षा | प्रतिकक्षा भर्ना (नयाँ) | | | | | |
| | उत्तीर्णअनुत्तीर्ण | | | | | |
| | विद्यालय छोडाइ | | | | | |
| | विद्यालयबाहिर बालबालिका | | | | | |
| | दिवा खाजा | | | | | क्यालोरी |
| | आवास र विद्यालय दूरी | | | | | मिटर |
| | सुरु भर्ना र शिक्षा सम्पन्ता उत्तीर्ण | | | | | |
| | माध्यम भाषा (विषयगत रूपमा) | | | | | |



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | निःशुल्क पाठ्यपुस्त आपूर्ति | | | | | |
| | निःशुल्क शैक्षिक सामग्री आपूर्ति | | | | | |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | प्रकार |
| | शिक्षामा घरधुरी खर्च | | | | | रकम |
| माध्यमिक शिक्षा | प्रतिकक्षा भर्ना (नयाँ) | | | | | |
| | उत्तीर्णअनुत्तीर्ण | | | | | |
| | विद्यालय छोडाइ | | | | | |
| | विद्यालयबाहिर बालबालिका | | | | | |
| | आवास र विद्यालय दूरी | | | | | मिटर |
| | सुरु भर्ना र शिक्षा सम्पन्ता उत्तीर्ण | | | | | |
| | माध्यम भाषा (विषयगत रूपमा) | | | | | प्रकार |
| | निःशुल्क पाठ्यपुस्त आपूर्ति | | | | | |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | विषय |
| | प्राविधिक शिक्षा विषय र विद्यार्थी | | | | | विषय |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | प्रकार |
| | शिक्षामा घरधुरी खर्च | | | | | रकम |
| वैकल्पिक शिक्षा/परम्परागत शिक्षा | प्रदायक संस्था | | | | | प्रकार |
| | प्रति कक्षा विद्यार्थी | | | | | उमेर |
| | विषय र शिक्षण माध्यम | | | | | प्रकार |
| | शिक्षण विधि | | | | | प्रकार |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | अनुपात |
| | प्राविधिक शिक्षा विषय र विद्यार्थी | | | | | अनुपात |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | प्रकार |
| | शिक्षामा घरधुरी खर्च | | | | | रकम |



कुमार पोखरेल

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| खेलकुद | बालबालिकाको खेल रुची | | | | | प्रकार |
| | विद्यालयमा उपलब्ध खेलकुद सामग्री | | | | | |
| | विद्यालयमा उपलब्ध खेल र विश्राम समय (घण्टामा) | | | | | |
| | समुदायमा खेलकुद सहभागिता | | | | | |
| अपाङ्गतामैत्री सेवाप्रवाह | अपाङ्गतामैत्री भौतिक संरचना | | | | | प्रकार |
| | अपाङ्गसहाय उपकरण | | | | | प्रकार |
| | अपाङ्गमैत्री शिक्षणविधि प्रयोग | | | | | प्रकार/अनुपात |
| | अपाङ्गमैत्री शिक्षामा विद्यार्थी | | | | | |
| यौन तथा प्रजनन | यौन तथा प्रजनन स्वास्थ्य शिक्षा | | | | | प्रकार |
| | स्वास्थ्य संस्थामा सुत्केरी भएको | | | | | |
| | प्रसूतीकर्मीबाट गराएको सुत्केरी | | | | | |
| | अन्य असुरक्षित सुत्केरी | | | | | |
| | गर्भवतीको स्वास्थ्यजाँच | | | | | पटक |
| | गर्भवती महिला | | | | | |
| | चिकित्सात्मक गर्भपतन | | | | | |
| | गैरचिकित्सात्मक गर्भपतन | | | | | |
| | अनिच्छित वा जबरजस्त गर्भधारण | | | | | |
| | परिवार नियोजन साधनको आपूर्ति | | | | | प्रकार |
| | नियोजनसाधन कमीबाट गर्भधारण | | | | | |
| | न्यून तौलमा जन्मेका नवजात | | | | | |
| | जन्मपछि नवजात मृत्यु | | | | | |
| | सुत्केरी हुँदा आमाको मृत्यु | | | | | |
| | शिशुजन्म अभिलेख | | | | | |
| | गोप्यता कायम सङ्केतको प्रयोग | | | | | |
| | वास्तविक नामको खुलासा | | | | | |



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | अन्य पक्षबाट नामको खुलासा | | | | | |
| | दुई वर्ष पूरा स्तनपान गर्न पाएका बालबालिका | | | | | |
| | स्वच्छ खानेपानी पुगेको घरधुरीका बालबालिका | | | | | |
| | स्वास्थ्य र पोषण शिक्षा/सूचना | | | | | |
| | नियमित बालबालिका स्वास्थजाँच | | | | | |
| | सुरु छ महिना अटुट शिशु स्तनपान | | | | | |
| | बालबालिकालाई पोषण आपूर्ति | | | | | |
| | खोप लगाएका बालबालिका | | | | | |
| | पाँच वर्षमुनिका शिशुको मृत्यु | | | | | |
| | कम तौल वा कुपोषित पाँच वर्षमुनिका शिशु | | | | | |
| रोकथाम उपचार र नियन्त्रण | लाग्ने तथा सर्ने रोगबारेको सचेतना प्रवर्द्धनमा जन सहभागिता | | | | | प्रकार |
| | खोप लगाएका जनसाधारण | | | | | प्रकार |
| | रोगको रोकथाममा सहभागिता | | | | | |
| | यकिन गरिएका रोग र उपचारबाट निको भएका बालबालिका | | | | | |
| | दुर्व्यसनीमा सामेल बालबालिका | | | | | प्रकार |
| | मानसिक स्वास्थ्य सेवा प्रवाह | | | | | |
| | मानसिक स्वास्थ्य सेवालाभान्वित | | | | | |
| | आपत्कालीन सेवाबाट लाभान्वित | | | | | |
| | विशेषज्ञ सेवा लाभान्वित | | | | | प्रकार |
| | सेवा प्रदायक संस्था र क्षमता | | | | | प्रकार |
| | स्वास्थ्य जनशक्ति र सेवाग्राही | | | | | |
| | स्वास्थ्य बिमामा बालसहभागिता | | | | | |



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| जन्म प्रमाण र दर्ता | बालबालिकाको जन्म अभिलेखन | | | | | |
| | जन्म दर्ता पञ्जीकरण | | | | | |
| | आमाको नामबाट मात्र जन्मदर्ता | | | | | |
| | आमाबाबु बेठेगान जन्मदर्ता | | | | | |
| संरक्षकत्व | दुवै बाबुआमासाथ रहेका | | | | | |
| | आमाको मात्र संरक्षकत्वमा रहेका | | | | | |
| | स्वैच्छिक संरक्षकत्वमा रहेका | | | | | |
| | माथवरको संरक्षकत्वमा रहेका | | | | | |
| | क्षेत्रभित्र धर्मपुत्र/पुत्री रहेका | | | | | |
| | धर्मपुत्रपुत्री भै क्षेत्रबाहिर गएका | | | | | |
| | विशेष संरक्षणमा रहेका | | | | | |
| | बालश्रम विरुद्धको कारबाई | | | | | |
| | बालसंरक्षण मापदण्ड लागू संस्था | | | | | |
| | मापदण्ड उल्लङ्घनविरुद्ध कारबाई | | | | | |
| सहभागिता | विद्यालयका निर्णयमा | | | | | |
| | न्यायिक निर्णयमा | | | | | |
| | सार्वजनिक संस्थागत निर्णयमा | | | | | |
| | बालक्लब दर्ता | | | | | |
| | सार्वजनिक समारोहमा सहभागिता | | | | | |
| न्यायिक अधिकार प्रचलन | विद्यालयमा बालमैत्री वातावरण | | | | | |
| | बालमैत्री संरचना निर्माण र मर्मत | | | | | |
| | निर्णयपूर्व प्रभावितको धारणा बुझ्ने | | | | | |
| | संरक्षकीय अभिमतको अवसर | | | | | |
| | उमेरसापेक्ष बोलीवचन र व्यवहार | | | | | |
| | मातृभाषिक दोभासेको सेवा | | | | | |
| | निर्णयपूर्व प्रभावितको धारणा बुझ्ने | | | | | |



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | अनुसन्धान निगरानी | | | | | |
| | परिवार वा संरक्षकसँगै राखी अनुसन्धान गरिएका मुद्दा | | | | | |
| | परिवार वा संरक्षकलाई जनाउ | | | | | |
| | नियन्त्रणमा लिइएका बालबालिका | | | | | |
| | नियन्त्रण लिन प्रयुक्त तरिका, बल तथा सरसाधन | | | | | |
| | उपलब्ध बाल मनोविद् | | | | | |
| | उपलब्ध सामाजिक सेवा | | | | | |
| | अनुसन्धानार्थ निगरानीको अवधि | | | | | |
| | निगरानी कक्षको भौतिक प्रबन्ध | | | | | |
| | अभिभावक भेटघाट (घण्टा) | | | | | |
| | कानुन व्यवसायीको भेटघाट (घण्टा) | | | | | |
| | सहयोगार्थ अभिभावकको बसाइ | | | | | |
| | भिन्दै अनुसन्धान एकाइ र जनशक्ति | | | | | |
| | बाल न्यायमा प्रशिक्षित जनशक्ति | | | | | |
| | पीडित बालबालिका | | | | | |
| | फौजदारी कसुर वा कसुरजन्य कार्यबाट पीडित बालबालिका | | | | | |
| | वारदातबाटै उद्धार गरिएका बालबालिका | | | | | |
| | अनुसन्धानमा सहयोगी रहेका पीडित बालबालिका | | | | | |
| | पीडितको अधिकारबारे सुसूचित गरिएका बालबालिका | | | | | |
| | उपलब्ध बाल मनोविद् | | | | | |
| | उपलब्ध सामाजिक सेवा | | | | | |



उपेन्द्र कुमार पोखरेल

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | निजी कानुन व्यवसायीको सेवा | | | | | |
| | दिशान्तर | | | | | |
| | दिशान्तर गरिएका मुद्दा | | | | | |
| | अवलम्बित उपाय | | | | | |
| | सफल दिशान्तर | | | | | |
| | आरोपित बालबालिका | | | | | |
| | पीडित बालबालिका | | | | | |
| | पीडित वयस्क | | | | | |
| | दिशान्तर उल्टी भएका मुद्दा | | | | | |
| | अभियोजन | | | | | |
| | प्रतियाचना सौदाबाजी (प्लि बार्गेनिङ) समाविष्ट गरी अभियोजित मुद्दा र बालबालिका | | | | | |
| | सुधारगृहमा राख्ने बाहेक अन्य स्वरूपका सजाय प्रस्तावित अभियोजन गरिएका मुद्दा र बालबालिका | | | | | प्रकार |
| | सुधारगृहमै राखी पुर्पक्ष तथा निरूपण हुन अभियोजन गरिएका मुद्दा र बालबालिका | | | | | |
| | पुर्पक्ष र निरूपण | | | | | |
| | पीडित बालबालिका सम्बन्धी | | | | | |
| | बालबालिकाविरुद्ध भएका कसुरका मुद्दा | | | | | |
| | फौजदारी मुद्दा रहेका पीडित बालबालिका | | | | | मुद्दाका प्रकार |
| | कारबाईमा सहभागी रहेका पीडित बालबालिका | | | | | |
| | पीडितको अधिकारबारे सुसूचित गरिएका बालबालिका | | | | | |



राजेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | प्रतिवादीको प्रत्यक्ष उपस्थितिमा पीडित्त कारबाहीमा सरिक भएका मुद्दा | | | | | |
| | प्रतिवादीको उपस्थिति अप्रत्यक्ष तुल्याइएका मुद्दा | | | | | |
| | कसुरजन्य कार्यका आरोपित बालबालिकासम्बन्धी | | | | | |
| | अभिभावकको उपस्थितिमा पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | अभिभावकको उपस्थिति नरहेका मुद्दा र बालबालिका | | | | | |
| | आफै कानुनव्यवसायी राखेका बालबालिका र मुद्दा | | | | | |
| | बालइजलासको पूर्णतामा पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | न्यायाधीश मात्रको इजलासबाट पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | बन्द तथा खुला इजलासबाट पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | पुर्पक्षका लागि तारिखमा रहने गरी अभिभावकको जिम्मा दिएका बालबालिका | | | | | |
| | ससर्त अभिभावकको जिम्मा लगाइएका बालबालिका | | | | | |
| | अन्य अधिकारी वा निकायको सुपरिवेक्षणमा समुदायमै रहन अनुमति दिइएका बालबालिका | | | | | |
| | पुर्पक्षार्थ सुधारगृहमा रहन पठाइएका बालबालिका | | | | | |
| | सामाजिक. अध्ययन प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | मनोवैज्ञानिक अध्ययन प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |
| | पीडित प्रभाव प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |
| | सजायपूर्वको प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |
| | पुर्पक्षबाट प्रतिवादीले पूर्ण सफाइ पाएका बालबालिका र मुद्दा | | | | | |
| | पुर्पक्षबाट आंशिक बालबालिकाले सफाइ पाएका बालबालिका र मुद्दा | | | | | |
| | १२० दिनभित्र निरूपण सम्पन्न मुद्दा | | | | | |
| | सजायस्वरूप ससर्त अभिभावकको जिम्मा लगाइएका बालबालिका र मुद्दा | | | | | |
| | सेवा प्रदायकबाट अभिमुखीकरण गराउने गरी सजायस्थगन गरिएका बालबालिका र मुद्दा | | | | | |
| | मनोसामाजिक परामर्श गराउने गरी सजायस्थगन भएका बालबालिका र मुद्दा | | | | | |
| | अभिभावक वा विद्यालय वा अन्य संस्थागत निगरानीमा तोकिएको सर्त र अवधिका लागि रहने गरी सजायस्थगत भएका बालबालिका र मुद्दा | | | | | |
| | सामुदायिक सेवाको सजाय पाएका बालबालिका र मुद्दा | | | | | |
| | सुधारगृहमा रहने सजाय पाएका बालबालिका र मुद्दा | | | | | |
| | बालगृह/बाल सुधार सम्बन्धी | | | | | |



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | गृहको भौतिक क्षमता बालबालिकाको आवास क्षेत्र/दिवा समयमा बालबालिकाले घुमफिर गर्न पाउने क्षेत्र/खेलकुद क्षेत्र/करेसाबारी/ व्यवस्थापन र सुरक्षा क्षेत्र | | | | | |
| | गृहको जनशक्ति | | | | | प्रकार/योग्यता |
| | प्रशिक्षित जनशक्ति | | | | | |
| | गृहमा उपलब्ध सेवाहरू | | | | | प्रकार/प्रतिदिन कार्यघण्टा |
| | पुर्पक्षार्थ सुधार गृहमा रहन पठाइएका बालबालिका र मुद्दा | | | | | |
| | सजायस्वरूप सुधार गृहमा राखिएका बालबालिका र मुद्दा | | | | | प्रकार |
| | अभिभावक भेटघाट (घण्टा) | | | | | |
| | कानुन व्यवसायीको भेटघाट (घण्टा) | | | | | |
| | सहयोगार्थ अभिभावकको बसाइ | | | | | |
| | सुधार कार्यक्रम | | | | | प्रकार |
| | बालबालिकाको व्यवहारमा आएको सुधार | | | | | मुद्दा र प्रकार |
| | व्यवहारको सुधारका आधारमा अवधि घटाउन वा छुट दिन वा स्वरूप परिवर्तका लागि सिफारिस गरिएका बालबालिका र मुद्दा | | | | | |
| | सजायको स्वरूप परिवर्तन भई समुदायमा आएका बालबालिका | | | | | |
| | उपचारार्थ आवासीय पुनःस्थापनामा | | | | | |



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | पठाइएका बालबालिका | | | | | |
| | अदालतबाट बाँकी सुधारअवधि छुट भै छुटकारा पाएका बालबालिका | | | | | प्रकार |
| | छुटकारा पूर्वतयारी कार्य र बालबालिकाको सहभागिता | | | | | |
| | पारिवारिक पुनर्मिलनमा पठाइएका बालबालिका | | | | | |
| | सप्ताहान्त बास गर्ने बालबालिका | | | | | |
| | समुदायमा पुनःस्थापित गरिएका बालबालिका | | | | | |
| विशेष संरक्षण र पुनःस्थापना | विशेष संरक्षणको खाँचोमा रहेका बालबालिका | | | | | |
| | उद्धार गरिएका बालबालिका | | | | | |
| | अस्थायी संरक्षण उपलब्ध गराइएका बालबालिका | | | | | |
| | स्वास्थ्योपचार गरिएका बालबालिका | | | | | |
| | पारिवारिक सहयोग | | | | | |
| | वैकल्पिक हेरविचारको प्रबन्ध गरिएका बालबालिका | | | | | |
| | नातेदारमार्फत वैकल्पिक हेरचाह | | | | | |
| | इच्छुक परिवारद्वारा हेरचाह | | | | | |
| | परिवारमा हेरचाह गराउने संस्था | | | | | |
| | परिवारमा हेरचाह गराउने संस्थामार्फत हेरचाहमा रहेका बालबालिका | | | | | |
| | सहयोग प्रायोजन | | | | | |
| | बालगृह | | | | | |



...न्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | बालगृहमा वैकल्पिक हेरचाह भएका बालबालिका | | | | | |
| | बालगृहबाट पारिवारिक पुनर्मिलन गराइएका बालबालिका | | | | | |
| | सामाजिक पुनरेकीकरण गरिएका बालबालिका | | | | | |
| | पुनःस्थापना गरिएका बालबालिका | | | | | |
| अधिकार प्रचलन | न्यायिक समितिमा परेका निवेदन | | | | | प्रकार |
| | अधिकार प्रचलन गराउन गरिएको आदेश | | | | | |
| | अधिकार प्रचलनका लागि अन्य नगरपालिकाको न्यायिक समितिलाई लेखिपठाएको कार्य | | | | | |
| | अर्को नगरपालिकाबाट लेखिआएको अधिकार प्रचलन गराएको कार्य | | | | | |
| | बालबालिकाका लागि गरिएको वैकल्पिक बन्दोबस्त | | | | | |
| | अधिकार प्रचलनका लागि निवेदन | | | | | |
| | अधिकार प्रचलनार्थ जारी आदेश | | | | | |
| | खारेज भएका निवेदन | | | | | |
| | दायित्व पूरा नगर्नेलाई भएको सजाय | | | | | |
| | बालबालिकालाई भराइएको क्षतिपूर्ति | | | | | |
| | बालबालिकाका लागि गरिएको वैकल्पिक बन्दोबस्त | | | | | |
| पीडित बालबालिकाको पुनःस्थापना | स्वास्थ्योपचार गरिएका बालबालिका | | | | | |
| | पारिवारिक सहयोग | | | | | |
| | सहयोग प्रायोजन | | | | | |
| | पुनःस्थापना केन्द्र | | | | | |



उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाइ | | | | |
|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | लिङ्ग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | पुनस्थापना केन्द्र हेरचाह भएका बालबालिका | | | | | |
| | पुनःस्थापना गृहबाट पारिवारिक पुनर्मिलन गराइएका बालबालिका | | | | | |
| | पुनः सामाजिक पुनरेकीकरण गरिएका पीडित बालबालिका | | | | | |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

## अनुसूची २

### अनाथ, बेवारिस वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएको बालबालिकासम्बन्धी सूचना

श्री बालकल्याण अधिकारी/ ............प्रहरी कार्यालय
कमलामाई नगरपालिका
सिन्धुली जिल्ला ।

विषयः बेवारिस अवस्थामा बालबालिका फेला परेकोले उद्दार तथा संरक्षणार्थ प्रस्तुत गरेको

महोदय,
सिन्धुलि जिल्ला कमलामाई नगरपालिका वडा नं. ... .... मा मिति.......................... बजेको समयमा बेवारिस अवस्थामा रहेको देहायबमोजिमको विवरणको बालबालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था हुन यो जानकारी निवेदन गरेको छुः

फेला परेको बालबालिकाको नाम थरः
हुलियाः
उचाइः
उमेरः
लिङ्गः
शारीरिक अवस्थाः
सक्षमताः
बालबालिका सम्बन्धी थाहा हुन आएको अन्य कुराः

फेला पार्ने व्यक्तिको नाम थरः

ठेगानाः

सम्पर्क नम्बरः

हस्ताक्षरः

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूची ३

संस्था/बाल क्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

निवेदनपत्रको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कमलामाई नगर कार्यपालिकाको कार्यालय
सिन्धुली जिल्ला,
बागमती प्रदेश, नेपाल ।

विषयः- संस्था/बाल क्लब/सञ्जाल दर्ता/आबद्धता गरी पाऊँ भन्ने बारे ।

महोदय,

हामीले ............................................ नामको संस्था/बाल क्लव/सञ्जाल खोल्न चाहेकोले "बाल अधिकार संरक्षण कार्यविधि २०८० ल गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लव/सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं ।

प्रस्तावित संस्था/बाल क्लब/सञ्जालको प्रबन्धावलीको दुईप्रति, सिफारिस, संस्था/बाल क्लव/सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरूको नामावली, जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

भवदीय
अध्यक्ष

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूची ६
संस्था/बाल क्लव/सञ्जाल दर्ता/आबद्धता किताव

| क.सं. | संस्था/बाल क्लव/सञ्जाल को नाम | ठेगाना | संस्था/बाल क्लव/सञ्जाल मा सदस्य सङ्ख्या | | संरक्षक को नाम | स्थापना मिति | दर्ता/आवद्धता नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र वुभ्म्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची ७
संस्था/बाल क्लव/सञ्जाल सूचीकरण नवीकरणको दर्ता किताव

| क.सं. | संस्था/बाल क्लव/सञ्जाल को नाम | ठेगाना | संस्था/बाल क्लव/सञ्जाल मा सदस्य सङ्ख्या | | संरक्षक को नाम | स्थापना मिति | दर्ता नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूची ४

संस्था/बाल क्लव/सञ्जाल दर्ता सूचीकृत प्रमाणपत्रको नमुना

कमलामाई कार्यपालिकाको कार्यालय

सिन्धुली जिल्ला

बागमती प्रदेश, नेपाल ।

दर्ता/आवद्धता प्रमाणपत्र

दर्ता / आवद्धता नं.-

मिति:-

श्री.......................................... .संस्था/बाल क्लव/सञ्जाल
ठेगाना .......... ।

कमलामाईनगरपालिका.........वडानं............को..........................................................................................
............. विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठन भएको.................................................................................................संस्था/बाल क्लव/सञ्जाललाई यस पालिकामा आवद्धता गरी पालिकाको वाल अधिकार संरक्षण कार्यविधि २०८० को व्यवस्था अनुसार दर्ता/आवद्धताको प्रमाणपत्र प्रदान गरिएको छ ।.

बालअधिकारको संरक्षण र कार्यमा संविधानं तथा कानुनको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत:

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूची ५
संस्था/बाल क्लव/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा
निवेदन पत्रको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय प्रमुखज्यू,
कमलामाई नगर कार्यपालिकाको कार्यालय
सिन्धुली जिल्ला, बागमती प्रदेश, नेपाल ।

विषयः- संस्था/बाल क्लब/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे ।

महोदय,

बागमती प्रदेश सिन्धुली जिल्ला कमलामाई नगरपालिका ................................वडा नं.................................स्थित ............ ......... ..... विद्यालय/समुदाय/वालगृह/बाल सुधार गृहमा आधारित हाम्रो .......................................... नामको संस्था/बालक्लव/सञ्जाल मिति.................मा दर्ता नं .... साथ दर्ता/आवद्ध भै क्रियाशील रहँदै आएकोमा सोको समयावधि ...............मा समाप्त हुने/भएको छ । बाल क्लब/सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो संस्था/बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापको संक्षिप्त विवरण, संस्था/बाल क्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदाधिकारीको विवरण यसैसाथ संलग्न गरिएको छ ।

भवदीय
अध्यक्ष

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख